# नङ विशेषज्ञता वेंटीलेसन

# निरीक्षण पछिका महत्वपूर्ण सुझावहरू र जानकारी

**नयाँ नियम अनुपालन हुने गरी तपाईंको सैलुन सञ्चालनमा ल्याउन महिनौं लाग्न सक्दछ भन्ने कुरा यस विभागले महसुश गर्दछ, र कानूनी सुनुवाईबाट बच्न विभागले तपाईंसंग कार्य गर्नेछ |**

**राज्य विभागमा सम्पर्क गर्नुहोस्**

यदि तपाईंसंग नयाँ वेंटीलेसन आवश्यकता वा कसरी तपाईंको व्यवसायलाई अनुपालनमा ल्याउने भन्ने बारेमा कुनै प्रश्नहरु छन् भने कृपया *518-474-4429* मा राज्य विभागलाई सम्पर्क गर्नुहोस् | थप जानकारी र स्रोतहरु हाम्रो वेबसाइट (www.dos.ny.gov) मा पाउन सकिनेछ |

यो दस्तावेजमा नयाँ वेंटीलेसन आवश्यकता बारे र यदि राज्य विभाग (Department of State (“DOS”)) का निरीक्षकद्वारा तपाईंको व्यवसाय निरीक्षण गर्न आएमा के गर्ने भन्ने बुझ्न सैलुन मालिकहरुलाई मद्दत गर्नेछ | DOS व्यवसायीसंग सहकार्य गर्नको लागि प्रतिबध छन् र तपाईंका प्रश्नहरुको उत्तर दिन उपलब्ध छन् |

## नयाँ आवशयकताको अनुपालन मैले कहिले सम्ममा गर्नु पर्नेछ ?

यदि तपाईंको व्यवयाय ***अक्टोबर 3, 2016 भन्दा अगाडि दर्ता*** भएको भने, तपाईंलाई **October 3, 2021** सम्म नयाँ वेंटीलेसन आवश्यकताको अनुपालना गर्नु जरूरी पर्नेछैन । यदि तपाईंको व्यापार ***अक्टोबर 3, 2016 मा वा पछि दर्ता*** भएको भए, तपाईंले आफ्नो व्यवसाय शुरू गर्ने बेलामा नै नयाँ आवशयकतासंग मेल खाने गरी एउटा वेंटीलेसन प्रणाली जडान गर्नुपर्नेछ ।

## निरीक्षण

DOS नियमित रुपमा व्यवसायहरुको निरीक्षण गर्नेछ । यदि तपाई DOS निरिक्षकबाट निरीक्षणमा पर्नु भयो, र तपाईंको व्यावसाय **अक्टोबर 3, 2016 भन्दा पछि दर्ता** भएको छ भने, तपाईंलाई निम्न कागजात उपलब्ध गराउन भनिनेछ:

- तपाईंको व्यवसायले नयाँ वेंटीलेसन आवशयकता पुरा गर्दछ भनी प्रमाणित गर्ने एक वेंटीलेसन विशेषज्ञबाट **हस्ताक्षरित प्रमाणपत्र** |

प्रमाण पत्र DOS को वेबसाइट http://www.dos.ny.gov/licensing/appearance/ventilation%20certificate.pdf मा उपलब्ध छ |. नयाँ वेंटीलेसन आवशयकताको बारेमा थप जानकारीका लागि हाम्रो वेबसाइट http://www.dos.ny.gov/licensing/appearance/Ventilation%20How-To-Guide%20%20Final_DOS.pdf “व्यवसाय मालिकहरु' वेंटीलेसनको लागि कसरी मार्गनिर्देशन गर्ने (Business Owners' How to Guide for Ventilation)” मा पनि उपलब्ध छ |

यदि तपाईंको व्यवसाय निरीक्षण गरियो र त्यहाँ उल्लघंनहरु भएका छन् भने तपाईंलाई उल्लघंनहरु व्यख्या गरिएको लिखित दस्तावेज र सुनुवाईको मिति उपलब्ध गराइने छ | यदि उल्लघंन नयाँ वेंटीलेसन नियमहरुसंग संबन्धित छ, के कस्तो नियमहरु छन् र कसरी ती नियमहरु अनुपालन गर्न सकिन्छ भनी तपाईंलाई जनकारी गराइने छ | यदि उल्लघंनको सूचना प्राप्त भए पनि धेरैजसो मुद्दाहरु बिना कुनै सुनुवाई उल्लघंनहरु सच्याएर पनि मिलाउन सकिनेछ |

## सुनुवाई हुनु अगाडि म के गर्न सक्छु ?

यो याद राख्न महत्वपूर्ण छ कि निरीक्षणको बेला देखिएको **धेरै जसो** उल्लघंनहरू सच्याएर र DOS सँग **सम्झौता** गरेर **बिना सुनुवाई** हल गर्न सकिनेछ | यदि तपाईंको व्यवसायमा वेंटीलेसन सम्बन्धी उल्लघंनको साथ टिकट जारी गरिएको भए:

- DOS को वेबसाइटमा उपलब्ध "व्यवसाय मालिकहरु' वेंटीलेसनको लागि कसरी मार्गनिर्देशन गर्ने" पुनः हेर्नुहोस्;
- आफ्नो करारको समीक्षा गर्नुहोस् र आफ्नो घर मालिकसंग वेंटीलेसन आवशयकता माथि कुरा गर्नुहोस्;
- विभिन्न व्यवसायीसंग यसलाई अनुपालन गर्न लाग्ने अनुमानित लागतखर्च सम्बन्धी अन्तरबार्ता र कोटेशन लिनुहोस;
- तपाईंको व्यवसायको आवशयकता पुरा हुने किसिमको सिस्टम जडान गर्ने एक व्यवसायीलाई रोज्नुहोस्;
- एउटा वेंटीलेसन प्रणाली जडान गर्नुहोस् जसले वेंटीलेसन आवशयकताको नियम अनुपालना गर्दछ |

## मैलें नियम अनुपालना गरीसकेपछि के गर्न पर्टछ ?

यदि DOS को निरीक्षण पछि, तपाईं वेंटीलेसन आवशयकता अनुरूप एक वेंटीलेसन प्रणाली जडान गर्नु भयो भने, तपाईंले (518) 473-2728 मा DOS लाई सम्पर्क गर्नु पर्नेछ | उल्लेख गर्नुहोस् की तपाईंले एउटा टिकट प्राप्त गर्नुभएको थियो, तर अहिले एउटा वेंटीलेसन सिस्टम जडान गरी सक्नु भएको छ र DOS सँग एउटा सम्झौता गर्न चाहनुहुन्छ | यदि तपाईंले कसैलाई काममा राख्नु भएछ र अनुपालना गर्न प्रयासरत हुनुहुन्छ भने DOS ले तपाईंको व्यवसायकँग सहकार्य गरी सुनुवाईबाट बच्न मद्दत गर्न सक्दछ |

## यदि सुनुवाई हुनु भन्दा अगाडि अनुपालना गर्न सकिएन भने के गर्ने ?

निरीक्षण पछि, तर सुनुवाई हुनु भन्दा अगाडी, तपाईंले नयाँ नियमहरु अनुपालना गर्ने कोसिस गरी राख्नु भएछ की छैन भनेर DOS ले हेर्दछ | DOS लाई तपाईंले अनुपालना गर्न कोसिस गर्दै हुनुहुन्छ भनेर प्रमाणित गर्ने चीजहरू, निम्न उल्लेखित कागजातहरू हुन सक्दछन्, तर यीनीहरूमा मात्र सिमित छैन्:

- एक व्यवसायीसँको करारनामा;
- विभिन्न व्यवसायीहरूबाट संकलन गरिएको अनुमानित लागत, यदि तपाईं कसैलाई अहिलेसम्म काममा राख्नु भए छैन भने;
- निर्माण सामग्री सम्बन्धी रसिदहरु;
- निर्माण अनुमति निवेदनहरु, यदि तपाईंको स्थानीय निर्माण अधिकारीद्वारा आवश्यक ठहरिएको भए;
- एक डीजाइन व्यवसायीबाट प्राप्त नमुना ब्लुप्रिंट |

***यदि तपाईंसंग यस्ता प्रकारका दस्तावेजहरु छन् भने, तपाईंले** DOS **लाई (518) 473-2728 मा सम्पर्क गर्नुहोस् र DOS ले तपाईंलाई सुनुवाईबाट बच्न मद्दत गर्न सक्दछ**|*

## याद राख्नु पर्ने महत्वपूर्ण सुझावहरू

- तपाईंको प्रश्नहरुको उत्तर दिनको लागि DOS तत्पर छ | यदि तपाईंलाई वेंटीलेसन आवशयकता बारेमा थप जानकारी चाहिएमा हाम्रो हेल्पलाईन (518) 474-4429 मा सम्पर्क गर्नुहोस् |

- तपाईंलाई मद्दत गर्ने सही व्यवसायीको छनौट गर्न अति महत्वपूर्ण छ | तपाईंको आवश्यकता बुझी तपाईंलाई आवश्यक पर्ने सेवाहरु दिन सक्ने एउटा व्यवसायी छनौट गर्ने निधो गर्नुहोस् | व्यवसायीले तपाईंलाई पंखा र हावा शुद्ध गर्ने मसीन राख्न सल्लाह दिनु भएन किनभने तिनीहरु यस नियमहरु मेल खादैनन् |

- वेंटीलेसन प्रणाली डिजाइनर र लागतमा भर पर्दछ | तपाईंले त्यस्तो प्रणाली जडान गर्नु पर्दछ जुन तपाईंको बजेट भित्र पर्दछ र तपाईंको व्यवसायको लागि राम्रो काम गर्नेछ । प्रत्येक सैलुनले एउटै खाले सिस्टम राख्नु पर्दछ भन्ने होइन र जडान भैसकेपछि सबै उस्तै देखिन्छ भन्ने पनि होइन |

- यो याद गर्न महत्वपूर्ण छ कि तपाईंको विद्यमान वेंटीलेसन सिस्टमको आधारमा अनुपालना स्वीकृत हुन महिनौं लाग्न लाग्न सक्दछ, त्यसैले तपाईंले यो दस्तावेजमा भएका सुझावहरु जति सक्यो छिटो अनुसरण गर्नुहोस् |